का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ मंसिर २०८१,
बिहीबार
12 December, 2024
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक २९३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अर्थमन्त्रीमाथि सत्तारूढबाटै प्रश्न



“हाम्रो अर्थतन्त्र समस्यामा छ, यो अस्वीकार गर्नुपर्ने विषय होइन । तर, क्रमशः हाम्रा समस्या समाधान हुँदै गएको छ । राजस्व उठाउनेगरी अर्थ मन्त्रालयले काम गरिहेको छ

■ **विष्णुप्रसाद पौडेल**, अर्थमन्त्री



“सरकारले लगानीकर्तालाई विश्वासमा लिन नसक्दा अर्थतन्त्रको शिथिलता कायम छ । अब नयाँ चरणको आर्थिक सुधार आवश्यक छ

■ **वर्षमान पुन**, पूर्वअर्थमन्त्री



“अर्थतन्त्रमा समस्या प्रस्ट देखिएको छ । सरकारले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि पहल गर्नुपर्छ

■ **डा. प्रकाशशरण महत**, पूर्वअर्थमन्त्री

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं २६, मंसिर ।

२ ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता गठन्धन हुँदासमेत अर्थतन्त्रमा सुधार आउन सकेको छैन । अर्थतन्त्रका केही तथ्यांक सूचकहरूमा राम्रा देखिएका भए पनि आन्तरिक अर्थतन्त्रमा सुधार देखिन सकेको छैन । राजस्व संकलन र पुँजीगत खर्चको अवस्था हेर्दा अर्थतन्त्रको गति बढ्न सकेको छैन ।

बुधबार अर्थ समितिमा पूर्वअर्थमन्त्री वर्षमान पुनले सरकारले लगानीकर्तालाई विश्वासमा लिन नसक्दा अर्थतन्त्रको शिथिलता कायम नै रहेको बताए । उनले भने, ‘नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड र बीमा प्राधिकरण जस्ता नियामक निकायले अर्थतन्त्र चलायमान बनाउन भूमिका निर्वाह गर्छन्’, पुनले प्रश्न गरे, ‘ती निकायको नेतृत्वमा अहिलेको सरकारसँग टचुनिङ मिल्नेहरू नै छन् । तर, किन रिजल्ट आएन ? आन्तरिक र बाह्य लगानीकर्तामा कन्फिडेन्स किन छैन ?’, पुनले नयाँ चरणको आर्थिक सुधार आवश्यकता रहेको बताए ।

नयाँ गठबन्धनको सरकारले आए पनि अर्थतन्त्रले गति दिने अपेक्षा गरिएको भए पनि सुधार नहुँदा लगानीको वातावरण बन्न सकेको छैन ।

यस्तै, पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रमा समस्या प्रस्ट देखिएको बताए । उनले वर्तमान सरकारले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि पहल गर्नुपर्नेमा जोड दिए । जबसम्म सरकारले लगानीमैत्री वातावरण बनाउनका लागि अग्रसरता देखाउनुपर्नेमा जोड दिए । उनले भने, ‘शेयर बजारमा सीमित र चलखेल गर्ने व्यक्तिले मात्र नाफा कमाउने स्थिति बनेको छ । बजारमा हुने चलखेल र म्यानुपुलेसनलाई नियन्त्रण गरेर जान आवश्यक छ ।’

एमाले सांसद् पदम गिरीले भन्सार कार्यालयमा चलखेल हुँदा लक्ष्यअनुसार राजस्व संकलन नभएको भन्दै राजस्व लक्ष्य र वास्तविकतामा देखिएको अन्तरप्रति अर्थमन्त्रीलाई प्रश्न गरे । रास्वपा सांसद विराजभक्त श्रेष्ठले मुलुकमा अनौपचारिक अर्थतन्त्रको आकार बढ्दै गएको र अवैध हुण्डी मौलाएको बताए । उनले अहिले धराशयी अवस्थामा रहेको सहकारी क्षेत्र नियमनका लागि तत्काल पहल थाल्न सरकार असफल भएको आरोप लगाए ।

अर्थतन्त्रमा सुधार गर्न नसकेको भन्दै सत्ता गठबन्ध र प्रतिपक्षले प्रश्न उठाएपछि अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक प्रगतिसँग आफैं सन्तुष्ट नभएको स्वीकार गरे । उनले भने, ‘हाम्रो अर्थतन्त्र समस्यामा छ, केही कठिनाइ छ । यो अस्वीकार गर्नुपर्ने विषय होइन । तर, क्रमशः हाम्रा समस्या समाधान हुँदै गएका छन् ।’

अर्थमन्त्री पौडेलले चालू आर्थिक वर्षको बजेटमार्फत सरकारले राखेको राजस्व लक्ष्य हासिल गर्न »» पृष्ठ २ मा

# निष्कर्ष उन्मुख अनुसन्धान

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ मंसिर ।

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धानमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्धको मुद्दा अन्तिम चरणमा पुगेको छ । २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका रविले ५ फरक जिल्लाका ५ वटा सहकारीको रकम अपचलनबारे बयान दिएका छन् । कास्की, रुपन्देही, चितवन, काठमाडौं र पर्सा जिल्ला अदालतमा उनीविरुद्ध उजुरी छन् । गितेन्द्रबाबु राई (जी. बी.)समेत संचालक रहेका सूर्यदर्शन सहकारी, सुप्रिम सहकारी, सहारा सहकारी, हाम्रो सानो पाइला सहकारी र स्वर्णलक्ष्मी सहकारीको बचत रकम ठगी र हिनामिना प्रकरणमा रविलाई ५ जिल्लामा घुमाएर बयान लिइएको हो ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एवं प्रहरी उपरीक्षक श्यामबाबु ओलियाले रविलाई बिहीबार म्याद थपका लागि अदालत लगिने बताएका छन् ।

उनी ३ कात्तिकदेखि जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा छन् । कास्कीबाटै उनलाई विभिन्न जिल्लामा लगेर बयान लिने क्रम अब सकिएको छ । लामिछानेबारे अनुसन्धान सकिएपछि अब कास्की प्रहरीले अनुसन्धान प्रतिवेदन तयार गर्न थालेको छ । बिहीबार म्याद थपपछि केही दिनमै अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयलाई बुझाउने तयारी प्रहरीले गरेको छ । प्रहरीले रविविरुद्ध सम्पत्ति शुद्धीकरण, सहकारी ठगी र संगठित अपराध कसुरमा मुद्दा दायर गर्न सकारी वकिललाई रायसहितको प्रतिवेदन बुझाउने तयारी गरेको छ ।

५ वटा सहकारी संस्थाको बचत हिनामिना प्रकरणमा बयान रवि अनि उनका साझेदार पूर्वडीआईजी छविलाल जोशीको पनि बयान सकिएको छ । पूर्वगृहमन्त्रीसमेत रहेका लामिछाने, उनका साझेदार जोशी, लीला पछाई र नेचर हर्ब्स इन्टर नेसनलका संचालक »» पृष्ठ २ मा



लामिछानेबारे अनुसन्धान सकिएपछि अब कास्की प्रहरीले अनुसन्धान प्रतिवेदन तयार गर्न थालेको छ । बिहीबार म्याद थपपछि केही दिनमै अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयलाई बुझाउने तयारी प्रहरीले गरेको छ



“सरकारले प्रतिनिधिसभा बैठक सकेसम्म धकेल्न बल गर्दैछ भन्ने सूचना प्राप्त छ । जरुरी पऱ्यो भने विशेष अधिवेशन बोलाउन संघर्ष गरिनेछ ।

■ **प्रचण्ड**
**नेता, प्रमुख प्रतिपक्षी दल**

“आगामी संसद् अधिवेशन कहिले बोलाउने भन्ने विषय संसदहरुको भूमिकामा निर्भर हुन्छ र हुनुपर्छ । तर सांसदहरु नै तयार छैनौं ।

■ **देवराज घिमिरे**
**सभामुख**

# संसद् अधिवेशन मागदै विपक्षी

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र र रास्वपासहितका दलहरु सरकार नियमित अधिवेशन बोलाउने पक्षमा नरहेको बुझाइमा छन् । अझै ढिला गरे विशेष अधिवेशन माग गर्ने गरी उनीहरु आन्तरिक तयारीमा जुटेका हुन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २६ मंसिर ।

सरकार संघीय संसदको हिउँदे अधिवेशन बोलाउने विषयमा परामर्शमा छ । सभामुख देवराज घिमिरेको सचिवालयका अनुसार प्रधानमन्त्री केपी शर्मा ओलीले यो विषयमा यही मंसिर १७ गते सभामुख घिमिरेसँग संवाद गरेका थिए । अधिवेशन बोलाएपछि विजनेश चाहिने र यसका लागि सरकारले मेहनत गर्नुपर्ने सभामुख घिमिरेको परामर्श थियो । संसदीय समितिको बैठक राख्न समेत गणपूरक संख्या नपुगिरहेको पनि सभामुख घिमिरेले जानकारी गराएका थिए ।

प्रधानमन्त्री ओलीसँगको संवाद लगत्तै सभामुख घिमिरेले यही सन्देश सार्वजनिक रुपमा पनि दिए । मंसिर १८ गते ललितपुरमा सभामुख घिमिरेसहित समिति सभापतिहरूबीच अन्तरक्रियात्मक कार्यक्रम थियो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख घिमिरेले संसद् अधिवेशनका लागि सांसदहरू नै तयार नदेखिएको बताए । ‘आगामी संसद् अधिवेशन कहिले बोलाउने भन्ने विषय संसदहरुको भूमिकामा निर्भर हुन्छ र हुनुपर्छ । तर सांसदहरू नै अधिवेशन त्यो तयार छैनौं’ सभामुख घिमिरेले भनेका थिए । सभामुखले संसदीय समितिलाई सक्रिय हुन र संसद् अधिवेशन छिटो बोलाउने वातावरणका लागि यस्तो अभिव्यक्तिमार्फत सन्देश दिएको नेताहरू बताउँछन् ।

सरकारले भने पुसको दोस्रो साता संसद्को अधिवेशन बोलाउने तयारी गरेको छ । तर, प्रतिपक्षी दलहरू सरकारले संसद अधिवेशन लम्ब्याउन लागेको आशंका गर्छन । गत सोमबार मात्रै प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका नेता पुष्पकमल दाहाल प्रचण्डले तत्काल संसदको अधिवेशन आह्वान गर्ने संकेत सरकारले नगरेको बताएका थिए ।

राष्ट्रिय कर्मचारी महासंघको स्थापना दिवसमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रतिनिधिसभा बैठकलाई सकेसम्म धकेल्ने »» पृष्ठ २ मा

**NPL** Siddhartha Bank — NEPAL PREMIER LEAGUE — Powered by Ncell

## आजको खेल

पोखरा एभेन्जर्स VS विराटनगर किंग्स
बिहान ९: १५ बजे

जनकपुर बोल्ट्स VS काठमाण्डु गुर्खाज
दिउँसो १: १५ बजे

## वैदेशिक रोजगार विशेष

# ‘वैदेशिक र आन्तरिक रोजगारीमा गुणात्मक परिवर्तनका लागि काम हुँदै छ’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले श्रम मन्त्रालय वैदेशिक रोजगार क्षेत्र सँगसँगै आन्तरिक रोजगारीको संख्यामा गुणात्मक परिवर्तनका लागि काम गरिरहेको जानकारी दिएका छन् ।

‘सीप विकासका लागि हाम्रो प्रतिबद्धता, समृद्ध राष्ट्रको सुनिश्चिता’ भन्ने नारासहित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटीले काठमाडौंमा बुधबार रोजगार प्रवर्द्धन गर्ने अभिप्रायले सरोकार भएका निकाय तथा रोजगारदातासँगको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले उक्त धारणा राखेका हुन् ।

मन्त्रालयअन्तर्गत आन्तरिक रोजगार महाशाखा स्थापना गरिएको र उक्त महाशाखाले मुलुकभित्रका रोजगारीका सम्भावनाहरूलाई प्रवर्द्धन गरी अगाडि बढाउने काम गर्ने मन्त्री भण्डारीले उल्लेख गरे ।

रोजगारीको प्रमुख स्रोत निजी क्षेत्र भएको बताउँदै मन्त्री भण्डारीले संसारभर नागरिकलाई सरकारले नभई निजी क्षेत्रले रोजगारी दिने भएकाले सरकारले सुविधा दिएर निजी क्षेत्रलाई रोजगारी सिर्जना गर्न अभिप्रेरित गर्ने बताए । त्यसैगरी मन्त्री भण्डारीले अहिलेको प्रविधिलाई प्रयोग गरेर सबै सेवा फेसलेस र पेपरलेस बनाउने काममा अघि बढिरहेको बताए ।

निजी क्षेत्र व्यवसायीको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले तत्कालको लोकप्रियभन्दा अध्ययनमा आधारित दीर्घकालीन निर्णय लिन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री भण्डारीको ध्यानाकर्षण गराएका छन् ।

सरकारले चर्चा कमाउनका लागि कुनै निर्णय गर्न नहुनेमा ध्यानाकर्षण गराउँदै उनले भने, ‘चर्चाका लागि गरिने निर्णयले नतिजा आउन सक्दैन, त्यसले क्षणिक चर्चा »» पृष्ठ २ मा

## ‘मलेसिया नेपालमा बलियो सम्बन्ध चाहन्छ’

काठमाडौं/मस–

नेपालका लागि मलेसियाली कार्यबाहक राजदूत मोहम्मद फिरदस आजमानले मलेसिया सरकारले नेपालमा जनस्तरको सम्बन्धलाई बलियो बनाउन चाहेको बताएका छन् ।



नेपाल र मलेसियाबीच सन् १९६० मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । हाल ठूलो संख्यामा नेपालीले मलेसियामा काम गरिरहेका र आगामी केही महिनाभित्र »» पृष्ठ २ मा

VACANCY Announcement
One of the reputed recruitment manpower agency is seeking for following applicants.
Public Relation Officer - 3 (Male/Female)
Documentation Officer /Correspondence - 2 (Male/Female)
Front Desk Officer - 2 (Female)
Accountant - 2 (Male/Female)
– 2/3 years job experience in related field of manpower.
– Fluent English for Email Correspondence.
– Word, Excel, Photoshop for related post.
Salary Negotiable
Tel : 01- 4982296 | 01- 49887207, Mobile - 9801012690
अञ्जली ओभरसिज सर्भिस प्रा. लि. श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो,सृजनटोलसँगै काठमाडौं

WE'RE HIRING
VACANCY ANNOUNCEMENT
Employee are needed for this manpower company so, skilled person with their qualification certificate can apply.
Accountant- 1 (Male)
Minimum 2 Years of experience in related field.
Mobile No: 9803567829
SALARY Negotiable
पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोनः ४९८८७५४, ४९८८७५५, E-mail : info.pukaroverseas@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२७ मंसिर २०८१, बिहीबार
12 December 2024, Thursday

# विश्वविद्यालयमा कर्मचारी पदपूर्तिका लागि छुट्टै सेवा आयोग गठन गर्न सुझाव

**काठमाडौं/मस–** विश्वविद्यालयहरूमा कर्मचारी भर्ना, छनोट र सिफारिसका लागि 'विश्वविद्यालय सेवा आयोग' गठन गर्न लोकसेवा आयोगले सुझाव दिएको छ।

सबै विश्वविद्यालयमा भर्ना हुने विभिन्न तहका कर्मचारी भर्नाका लागि एउटा छुट्टै आयोगको आवश्यकता महसुस भएको लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले सुझाव दिएका छन्।

प्रतिनिधिसभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा लोकसेवा आयोगका अध्यक्षले नेपालका विश्वविद्यालयमा कर्मचारी भर्ना गर्नका लागि आयोग आवश्यकता रहेको सुझाएका हुन्। राज्यव्यवस्था समितिले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' मा दफावार छलफल गर्नुअघि लोकसेवा आयोगका पदाधिकारीसँग छलफल गरेको हो।



छलफलका क्रममा अध्यक्ष रेग्मीले विश्वविद्यालयहरू विशिष्ट प्रकृतिका प्राज्ञिक संस्था भएको कारणले संविधानको मर्म र भावना अनुरूप मुलुकका सबै विश्वविद्यालयहरूको पदपूर्तिको एकल जिम्मेवारीसहित एक विश्वविद्यालय सेवा आयोग गठन गर्ने र सो आयोगले सबै विश्वविद्यालयहरूको भर्ना, छनोट र सिफारिसको कार्य गर्ने व्यव्यवस्था गर्न पनि उपयुक्त देखिएको सुझाव दिए।

विश्वविद्यालयहरूमा विभिन्न कारणले पदपूर्ति लामो समयसम्म हुन नसकेकाले पनि त्यस्तो आयोगको आवश्यकता परेको रेग्मीको भनाइ छ। शिक्षक सेवा आयोग गठन गरिएजस्तै विश्वविद्यालय सेवा आयोग गठन गर्नुपर्ने उनले बताए।

संविधानमा विश्वविद्यालय र शिक्षक सेवालाई लोकसेवाको कार्यक्षेत्रभित्र समावेश नगरिएको तर लोकसेवा आयोगका सदस्यले ती निकायका सेवा आयोगहरूमा पनि प्रतिनिधित्व गरिरहेको रेग्मीले बताए। संविधानमा व्यवस्था नहुँदा पनि सम्बन्धित विश्वविद्यालयका ऐनहरूमा भने लोकसेवा आयोगका सदस्यको प्रतिनिधित्व हुने व्यवस्था रहेको अध्यक्ष रेग्मीले जानकारी दिए।

# रकम ठगी आरोपमा ४ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले ४ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा कास्कीको पोखरा महानगरपालिका- २५ घर भई काठमाडौंको टोखा नगरपालिका- ६ बस्ने ३० वर्षीय मधु तिमल्सिना अधिकारी, रुपन्देही देवदह नगरपालिका- १२ घर भई काठमाडौं महानगरपालिका- २८ बस्ने ३२ वर्षीया गीता कुँवर तथा काठमाडौं बागबजारस्थित ग्लोबल एक्सेल अपस्किल एन्ड स्टडी इन्फो सेन्टरकी संचालक सिरहाको सिरहा नगरपालिका- ७ घर भई काठमाडौं- २२ बस्ने ३० वर्षीया दिव्या यादव रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए।

मधुले रोमानिया पठाइदिने भन्दै ३ जना पीडितहरूबाट ७ लाख, गीताले यूके पठाइदिने भन्दै ८ जना पीडितबाट १६ लाख ५ हजार तथा दिव्याले स्लोभाकिया पठाइदिने भन्दै १ जना पीडितबाट ५ लाख १५ हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीले बताएको छ।

पक्राउ परेकामध्ये मधु र गीतालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं र दिव्यालाई जिल्ला प्रहरी परिसर काठमाडौं, भद्रकाली पठाइएको सूचना अधिकारी आचार्यले बताए।

त्यस्तै, प्रहरीले वैदेशिक रोजगारीमा जापान पठाउने भन्दै ठगी गरेको आरोपमा थप १ जनालाई पनि पक्राउ गरेको छ। पर्साको ठोरी गाउँपालिका- ४ का ४५ वर्षीय विष्णु लोप्चनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो। उनले जापान पठाउने भन्दै १० लाख रुपैयाँ ठगी गरेको आरोप छ। लोप्चनलाई पनि थप कारबाहीका लागि वैदेशिक रोजगार विभागको कार्यालय ताहाचल पठाइएको प्रहरीले जनाएको छ।

# चिचिला र सिलिचोङमा 'कपडा बैंक'

**संखुवासभा/मस–**संखुवासभाको चिचिला गाउँपालिका र सिलिचोङ गाउँपालिकामा कपडा बैंक स्थापना गरिएको छ। जाडोयाममा दुर्गम क्षेत्रका बालबालिकाले न्यानो कपडा लगाउन नपाइरहेको अवस्था मध्यनजर गर्दै 'हुनेले दिएर जाउँ, नहुनेले लिएर जाउँ' अभियानमार्फत् कपडा बैंक स्थापना गरिएको हो।

ओपन खबर मिडियाका संचालक मोहनकृष्ण अधिकारीको संयोजनमा ती पालिकामा कपडा बैंक स्थापना गरिएको हो। कपडा बैंकबाट हुनेले सेकेन्ड ह्यान्ड कपडा राख्न सक्छन् भने नहुनेले लैजान सक्ने अधिकारीले जानकारी दिए। उनका अनुसार संखुवासभाका दुई पालिकामा भने कपडा बैंक स्थापनासँगै कपडा बैंकमा कपडा लैजान गाउँलेहरुको भीड नै लागेको थियो।



काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न स्थानबाट संकलन गरिएको करिब ३० बोरा न्यानो कपडा २५ सय जनालाई पुग्ने गरी वितरण गरिएको पनि उनले बताए। यस कार्यका लागि ओपन खबरका अध्यक्ष अधिकारीसहित सल्लाहकार अनुराग कुँवर, यस अभियानका संयोजकहरु सुरेश मानसिंह कुँवर, कृष्णराज तिमिल्सिना र रामेश्वर ढकाललगायतले पनि सहयोग गरेका छन्। यस अभियानका लागि स्थानीय जनप्रतिनिधिसहित थुप्रै मानिसहरुले साथ र सहयोग गरेको अधिकारीले बताए।

कपडा बैंक स्थापनाका लागि अनुराग कुँवर तारकेश्वर नगरपालिकाका-१, आशा कुँवर तारकेश्वर नगरपालिकाका-१, नेपाल लाइफ रिकुमेन्ट एजेन्सी प्रा.लि., गौशाला, काठमाडौं, रोयल सासा फर्मासिटिकल्स प्रा.लि. बुद्धनगर काठमाडौं, एकलभ्य भिजन स्कुल कीर्तिपुर, जी एच मेडिहहेल्थ कन्सर्न प्रा.लि. बुद्धनगर काठमाडौं, युनिक टेलर्स डिल्लीबजार काठमाडौं, एस मिन ढुंगाना, बानेश्वर, चन्दा खतिवडा, कोटेश्वर, गेल्मु बुढाथोकी, मालीगाउँ, विनिता स्थापित, नयाँबजार, उपासना बज्राचार्य, आशा शिक्षा सदन, भक्तपुर, शुलक्षण बानिया, बोहोराटार, काठमाडौ, बन्दना डिसी, बनस्थली, राजी गुरुङ, स्वयम्भु, लिटिल आइन इस्टाइन प्रि स्कुल, कीर्तिपुर सिता तिमिल्सिना, कलंकी, काठमाडौं, इन्दिरा अधिकारी, कलंकी, काठमाडौं, उत्सव ढुंगाना, कलंकी, प्रयास स्कुल, भाजंगल, अप्सरा ओझा, लोलाङ, निर्मला सापकोटा, ठिमी भक्तपुर, ह्यापी आवर प्रि स्कुल कीर्तिपुर, शलिना अर्याल, स्यूचाटार काठमाडौं, दीपक न्यौपाने, ग्रिनलाइन, संस्कृति हुमागाईं, डिल्लिबजार रहेको ओपन खबर मिडियाले जनाएको छ।

## अर्थमन्त्रीमाथि...

गत आर्थिक वर्षको भन्दा करिब ३० प्रतिशत बढी राजस्व उठाउनेगरी अर्थ मन्त्रालयले काम गरिहेको दाबी गरे।

अर्थतन्त्रमा सुधार नदेखिएपछि सत्ता पक्ष र प्रतिपक्षकै सांसदहरूले अर्थमन्त्रीप्रति नै प्रश्न उठाएका हुन्।

## निष्कर्ष...

रामबहादुर खनाल कास्की प्रहरीको हिरासतमा छन्। रविसहित हिरासतमा रहेकाहरूलाई सहकारी ठगीसम्बन्धी ऐनमा २५ दिन हिरासतमा राखेर अनुसन्धान गरिएको छ। त्यससँगै संगठित अपराधमा ६० दिन र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी ऐनअनुसार ९० दिन हिरासतमा राख्न पाइने कानुनी प्रावधानअनुसार उनीहरूलाई तीनै कसुरमा अनुसन्धान गरिएको हो।

सम्पत्ति शुद्धीकरणमा प्रहरीले अभियुक्तलाई ९० दिन हिरासतमा राख्न सक्छ। त्यही कारण रवि र छवि दुवैलाई लामो समय हिरासतमा राखिएको हो। छवि पक्राउ परेको मंगलबार ८० दिन पूरा भएको छ। अब छवि पक्राउ परेको समयअनुसार नै अबको १० दिन अर्थात् ९० दिनभित्र अनुसन्धान सकेर मुद्दा अदालत लैजानुपर्ने चुनौती प्रहरीलाई छ।

**५ पुसभित्र मुद्दा दर्ता गरिने**

प्रहरीका अनुसार अनुसन्धान टुंग्याएर ५ पुसभित्र जिल्ला अदालतमा मुद्दा दर्ता गरिने तयारी छ। उनको अनुसन्धानमा संलग्न कास्की प्रहरीका १ अधिकृतले ५ पुससम्म आफूहरूले अनुसन्धान प्रतिवेदन फाइल गरिसक्ने जानकारी दिए।

लामिछानेविरुद्ध संगठित अपराध, सहकारी ठगी र सम्पत्ति शुद्धीकरणमा मुद्दा दर्ता गर्ने तयारी भइरहेको छ।

'९० दिनभित्र अनुसन्धान प्रतिवेदन अदालतमा पठाउनुपर्ने स्थिति छ, तोकिएकै अवधिमा प्रतिवेदन बुझाइसक्नेगरी प्रहरीले काम गरिरहेको छ', एक उच्च प्रहरी अधिकृतले भने।

लामिछाने पक्राउ परेको ५५ दिन भए पनि एउटै मुद्दामा ६ असोजमा पूर्वडीआईजीपी छविलाल जोशी पक्राउ परेकाले म्याद मिलान गर्दा ५ पुससम्म मुद्दा दर्ता गर्ने तयारी गरिएको हो।

जिल्ला प्रहरी कार्यालय कास्कीले लामिछानेमाथिको अनुसन्धान लगभग अन्तिम चरणमा पुऱ्याइएको जनाएको छ। सहकारीको रकम गोर्खा मिडिया नेटवर्कमा लगेर जथाभावी खर्च गरेको देखिएको र यसको रकम तिर्ने कार्यमा लामिछाने सरिक भएको भन्दै उनी ठगीमा संलग्न रहेको पुष्टि हुने निष्कर्षसहित प्रहरीले प्रतिवेदन बुझाउन उनको अनुसन्धानमा संलग्न १ अधिकृतले जानकारी दिए।

कास्कीका एसपी ओलियाले भने, 'अनुसन्धान अधिकृतहरूले प्रतिवेदन तयार गरिरहेका छन्।'

प्रहरीले लामिछानेले विभिन्न सहकारीलाई ऋण तिर्न काटेको चेक बरामद गरेपछि यसलाई सहकारी ठगीमा संलग्न बलियो प्रमाणका पेस गर्ने तयारी गरेको छ। गोर्खा मिडिया र सुप्रिम सहकारीमाथि अनुसन्धानका क्रममा लामिछानेले काटेको चेक प्रहरीले फेला पारेको थियो।

लामिछानेले भने बयानका क्रममा गोर्खा मिडिया नेटवर्कमा प्रबन्ध निर्देशक हुँदा कतिपय अवस्थामा अत्यावश्यक कामका लागि खालि चेक काटेर घर्रामा छाड्ने गरेको बताएका थिए।

काठमाडौंको स्वर्णलक्ष्मी सहकारीबाट लामिछाने र जी.बी.को नाममा २ पटक गरेर गाडी खरिद गर्न ४६/४६ लाख रुपैयाँ ऋण प्रवाह गरिएको प्रहरीले अनुसन्धानका क्रममा फेला पारेको थियो।

संसदीय छानबिन समितिले प्रतिवेदन बुझाएपछि सूर्यदर्शनको रकम गोरखा मिडिया नेटवर्क प्रा. लि.मा लगेर अपचलन गरेको आरोपमा सबैभन्दा पहिले पूर्वडीआईजी जोशी पक्राउ परेका थिए। उनी ६ असोजमा पक्राउ परेका हुन्।

सूर्यदर्शनको रकम अपचलनमा संलग्न आरोपमा लामिछाने, जोशी, गुल्मीको मुसिकोट नगरपालिका- ४ घर भएकी लीला पछाई, तनहुँका रामबहादुर खनाल र पोखरा घर भएका कृष्ण गुरुङ प्रहरीको हिरासतमा छन्। पक्राउ परेका बाहेक कम्तीमा ३५ जनालाई फरार प्रतिवादी कायम गर्न प्रहरीले राय दिने भएको छ। अनुसन्धानमा संलग्न १ जना अधिकृत भन्छन्, 'पक्राउ परेका ५ जनाबाहेक ३५ जना फरार प्रतिवादी हुन्छन्।'

सूर्यदर्शन, स्वर्णलक्ष्मी, सहारा र सानो पाइलाबाट गोरखा मिडिया नेटवर्कमा ६५ करोड ५४ लाख रुपैयाँ ल्याएर अपचलन गरेको सूर्य थापा नेतृत्वको संसदीय समितिको छानबिन निष्कर्ष छ। सूर्यदर्शनबाट मात्र गोरखा मिडियामा ५ करोड ५८ लाख रुपैयाँ ल्याएको भेटिएको छ।

**कसरी बढ्छ मुद्दा ?**

पोखराबाट रविविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर हुने छ।

सरकारी वकिल हुँदै मुद्दा दायर भएपछि अदालतमा हुने थुनछेक बयान र बहसपछि उनलाई पुर्पक्षका लागि थुनामा पठाउने, धरौटी लिएर छाड्ने वा साधारण तारेखमा छाड्नेमध्ये एउटा आदेश आउने छ।

रविविरुद्ध सुरुमा कास्की जिल्ला अदालतमा मुद्दा दायर हुने छ। सरकारी वकिल हुँदै मुद्दा दायर भएपछि रविको बयान र त्यसपछि थुनछेक बहस हुने छ। थुनछेक बहसपछि उनलाई साधारण तारेख वा धरौटीमा छाड्ने तथा पुर्पक्षका लागि कारागार चलान भन्ने आदेश आउने छ।

यदि उनी साधारण तारेख तथा धरौटीमा छुटेको अवस्थामा अन्य जिल्लाहरूमा पनि मुद्दा रहेकाले पुनः हिरासतमा रहने/नरहने भन्ने यकिन छैन।

अब दोस्रो चरणको अनुसन्धानमा कति जना प्रतिवादी बन्छन् भन्ने यकिन हुन बाँकी नै रहेको कास्की प्रहरीको भनाइ छ।

## संसद...

प्रयास सरकारले गरिरहेको सूचना आफूले पाएको बताएका हुन्।

उनले भनेका छन्, 'सरकारले प्रतिनिधिसभा बैठक सकेसम्म धकेल्न बल गर्दैछ भन्ने हामीलाई सूचना प्राप्त छ।' सरकारले अधिवेशन बोलाउन ढिला गरे आफूहरू विशेष अधिवेशन बोलाउन संघर्ष गर्न लागि पर्ने उनको चेतावनी छ। 'जरुरी पऱ्यो भने विशेष अधिवेशन बोलाउन संघर्ष गरिनेछ' प्रचण्डले भनेका छन्।

संसद्को विशेष अधिवेशन माग गर्न प्रतिनिधिसभाको सम्पूर्ण संख्याको एकचौथाइ सदस्यले राष्ट्रपतिसमक्ष लिखित अनुरोध गर्नुपर्छ। यस्तो अवस्थामा राष्ट्रपतिले संसद्को विशेष अधिवेशन बोलाउन सक्छन्। यसका लागि २७५ सदस्यीय भएको सदनका कम्तीमा ६९ सदस्य तयार रहनुपर्छ।

## वैदेशिक...

र फाइदा मात्र हुने हो।' 'म मन्त्रीज्यूलाई के आग्रह गर्न चाहन्छु', अध्यक्ष ढकालले भने, 'पपुलर डिसिजन भन्दा पनि रियल डिसिजन राम्रो हुन्छ। फ्रि टिकट, फ्रि भिसा भनेको नेपालीको मात्र होइन, बंगलादेश, पाकिस्तान पनि छन्। कहिलेकाहीँ पपुलर नाराका लागि हामीले वास्तविक अवस्था भन्दा पनि फरक प्रकृतिको डिसिजन गरिरहेका छौं, त्यसो नगरौं।'

मन्त्रालयका सचिव मुकुन्द निरौलाको अध्यक्षतामा भएको कार्यक्रममा ललितपुर महानगरपालिका मेयर चिरिबाबु महर्जन, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, मन्त्रालयका पूर्वसचिव केवलप्रसाद भण्डारीलगायतले नेपालमा रोजगारी सिर्जनामा रहेका नितिगत अस्थिरता अन्त्य हुनुपर्ने सुझाव दिएका थिए।

## मलेसिया...

हुने द्विपक्षीय श्रम संम्झौताको नवीकरणले दुवै देशको सम्बन्धलाई थप बलियो बनाउने बताए।

मलेसियाले सन् २००१ को सुरुदेखि नै नेपाललाई विदेशी कामदारको स्रोत देशको रूपमा मान्यता दिएको छ। सन् २००३ को मार्चदेखि नेपाल र मलेसियाबीच सिधा हवाई उडान सुरु भएको हो।

मलेसिया नेपाली श्रमिकहरूको प्रमुख आकर्षक श्रम गन्तव्य भएको र साँस्कृतिक आदानप्रदान मार्फत जनस्तरमा सम्बन्ध बलियो बनाउने भन्दै कार्यबाहक राजदूत आजमानले मलेसियाले सन् २०२६ लाई भ्रमण वर्ष घोषणा गरेकाले उक्त मुलुक भ्रमण गरी साँस्कृतिक तथा पर्यटकीय आनन्द लिन पनि आग्रह गरे। आर्थिक हिसाबले पनि नेपालीहरूका लागि मलेसियामा उचित गन्तव्य रहेको उनले बताए। उनले नेपाली श्रमिकहरू निकै परिश्रमी र इमान्दार भएकाले मलेसियाली रोजगारदाताको विश्वास जितिरहेका उल्लेख गरे।

मलेसियामा काम गरेर स्वदेश फर्किएर धेरै नेपाली कामदारले आफ्नो प्रयासमा साना तथा मझौला उद्यम गरी आफ्नो तथा परिवारको जीवनस्तरमा धेरै सुधार भएको बताए। उनले भने, 'यो देख्दा मलाई निकै खुसी लाग्छ। नेपाली संचार माध्यमले त्यस्ता सफलताका कथाहरू लेख्नुपर्छ भन्ने मेरो आग्रह छ।'


**युएईमा रोजगार**

कम्पनी : DAR RABDAN CLEANING SERVICES L.L.C — कम्पनी : UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/२६ — चलानी नं.: ६०२२९५७७ — LT. No.: 315262

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ०९९/०५३/००५४
पि.ओ.बक्सः ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोनः ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np, Mobile: 9801314441 | 9801314442 | 9801314443 | 9801314445.



**कृष्णनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कृष्णनगर, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

**आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः२०८१/०८/२७**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ घ (६) लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार देहायको नदि खोलाहरुबाट बालुवा उत्खनन, संकलन तथा विक्री गरि कर दस्तुर रकम संकलन सम्बन्धी आ.व.२०८१/८२ को लागि ठेक्का द्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरि देहायको मिति र समय भित्र बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कृष्णनगर नगरपालिकाको कार्यालय समय भित्र सम्पर्क राखन सकिनेछ।

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०८१/८२ का लागि कायम न्युनतम अंक(मू.अ.कर बाहेक) | संकलन,उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) घन मि. | बोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| KNMRBM-01/81/82 | कृष्णनगर नगरपालिका क्षेत्र भित्र पर्ने सुरहीको माडा नाका,दयानगर नाका,गुर्चिहवानाका क्षेत्र (IEE)मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिक्रि शुल्क-बोलपत्र | २८२४८००/- | १०००० | रु.३०००/- | मू.अ.कर सहित कुल कबोल अकंको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| KNMRBM-02/81/82 | कृष्णनगर नगरपालिका क्षेत्र भित्र पर्ने चरगहवा खोलाको हथियागढ नाका,ठकुरापुर नाका क्षेत्र (IEE) मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिक्रि शुल्क-शिलबन्दी बोलपत्र | २११८६०/- | ७५० | रु.१०००/- | |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम PPMO को वेब साइट www.http://bolptra.gov.np बाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि) नेपाल बैंक लिमिटेडमा रहेको खाता नं. ०१४०३००००१००१००००१ मा तिरी खरिद गर्न सकिने छ खरिद गरि भरेर www.http://bolptra.gov.np मार्फत पेश गर्नु पर्नेछ।
२. ठेक्का अवधि २०८२ जेष्ठ मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल सामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन। प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री विक्री तथा निकासी गर्न सकिनेछ। उत्खनन/संकलन गर्दा व्यक्तिगत जग्गामा क्षति पुर्याउन पाइने छैन साथै निर्माणधिन पुलको ५०० मि.क्षेत्र बाहिरबाट मात्र उत्खनन/संकलन गर्नु पर्नेछ।
३. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक कृष्णनगर स्थित बैंक खाता नं. ०१४०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ। धरौटी बापत जम्मा गरको रकमलाई किस्तामा समाबेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।
४. उपरोक्त ठेक्काको लागि कुनै प्रकारको छुट दिइनेछैन।
५. ठेक्का कवोल अंकको रकम ठेकेदारले एक मुष्ट बैंक दाखिला गरि सोको सक्कलै भौचर कार्यालयमा बुझाउनु पर्ने छ। एकमुष्ट रुपमा नगदै दाखिला नगरेमा कवोल अंकको ५० प्रतिशत रकम अनिवार्य बैंक दाखिला गरि बाँकि ५० प्रतिशत यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको नेपाल बैंकबाट बैंक जमानत (विडबन्ड) जम्मा गरेको सक्कल पत्र पेश गर्नु पर्ने छ।
६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।
८. बोलपत्र भर्दा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख रकमलाइ मान्यता दिइनेछ।साथै बोलपत्रदाताले बोलपत्रमा मुल्य अभिबृद्धि कर बाहेकको ठेक अंक उल्लेख गर्नु पर्नेछ।
९. ठेक्कामा कुनै विवाद भएमा कृष्णनगर नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।
१०. उपरोक्त ठेक्काको लागि सूचन प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि ३१ औं अर्थात मिति २०८१।०९।२८ मध्यान्ह १२:०० बजे भित्र www.http://bolptra.gov.np मार्फत बोलपत्र बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १:०० बजे कृष्णनगर नगरपालिकाको कार्यालयमा खोलिनेछ।
११. बोलपत्र फारम खरिद गर्न,दाखिल गर्न,खोल्ने दिन सार्बजनिक बिदा परेमा क्रमश: सोको भोलिपल्ट सोहि समयमा खरिद ,दर्ता तथा खोल्ने कार्य गरिनेछ।
१२. कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ। नगदी रसिद ठेकेदारले आफनै तर्फबाट छपाइ यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ। निर्माण सामग्रीहरुको उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्ने छ।
१३. नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नुपर्नेछ। सवारी आवागमनलाई अवरोध हुने गरि ढाट राख्न पाइने छैन।
१४. खोलाबाट सामग्री उत्खनन तथा संकलन गर्दा बिहान सुर्योदय पश्चात र बेलुका अस्त अगावै गरिसक्नु पर्नेछ।साथै मापदण्ड विपरित कुनै पनि प्रकारले संकलन तथा उत्खनन गर्न पाइने छैन।
१५. ठेकेदारले मासिक रुपमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकरी नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
१६. खोलाबाट संकलन सामग्री नगरपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्ने छ। घाटगद्दी गरिएको सामग्रीको परिमाण नगरपालिकाको अनुगमन समितिबाट यकिन गरि विक्री गर्नुपर्नेछ।
१७. यस सुचनामा उल्लेख भएका शर्तहरु अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुमा प्रत्येक बुंदाहरु यसै सूचनाका शर्तहरु सरह लागु हुनेछ।
१८. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समाबेश गरिने छैन।
१९. अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘भूराजनीतिक दबाबमा ऋण लिनु हुन्न’




**काठमाडौं / मस–** बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत ऋण लिँदा आर्थिक लाभ लिन सकिने परियोजनाहरूमा मात्र लिनुपर्ने विज्ञहरूले सुझाव दिएका छन् ।

बुधबार ललितपुरमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै उनीहरूले भावनात्मक बहकाव र भूराजनीतिक दबाबमा परेर बिआरआईअन्तर्गतका परियोजना सम्पन्न गर्न ऋण लिन नहुने सुझाव दिएका हुन् ।

राजनीतिक विश्लेषक अरुण सुवेदीले बिआरआईअन्तर्गत चीनको वित्तीय संस्थाहरूबाट लगानी हुने भएकाले नेपालले ऋण वा अनुदानको बहस गर्न नहुने बताए । उनले चीन सरकारले विगतमा पनि नेपाललाई नौ अर्ब रुपैयाँ अनुदान सहयोग गरेको उल्लेख गर्दै रोड कनेक्टिभिटीका लागि अनुदान सहयोग गर्ने विश्वास व्यक्त गरे । नेपालले आर्थिक लाभ हुने परियोजनाहरूको पहिचान गरेर मात्र ऋण लिन उपयुक्त हुने उनले बताए ।

किमाथान्का-खाँदबारी सडक र हिल्सा-सिमिकोट सडकले नेपालको पर्यटन क्षेत्रलाई दक्षिण एशियासँग जोड्ने भएकाले चीन सरकारलाई अनुदान सहयोग गर्न आग्रह गर्नुपर्ने उनको भनाइ छ ।

बिआरआई अन्तर्गतका परियोजानमा अनुदान हुन्छ भनेर विश्वास गर्न सकिने उल्लेख गरे ।

‘रोड कनेक्टिभिटीमा चीन सरकारले नेपाललाई ठूलो सहयोग गर्नुपर्छ । हामी रणनीतिक र सामरिक हिसाबले दबाबमा नपरौं भनेर अरु निकायहरूलाई जिम्मेवार बनाउने दायित्व चीन सरकारको पनि हो । त्यसमा यति आँट गरेर अगाडि बढिसकेपछि नेपाल सरकारले पनि त्यो दायित्व पूरा गर्नुपर्छ । किमाथान्का-खाँदबारी सडक र हिल्सा-सिमिकोट सडक बनाउन चीनले अनुदान नदिएको खण्डमा ऋण लिनुपर्छ,’उनले भने ।

परराष्ट्र मामिला जानकार हिरण्यलाल श्रेष्ठले नेपालले बीआरआई परियोजना कार्यान्वयन गर्दा त्यसले पार्ने भूराजनीतिक प्रभावबारे सोच्न आवश्यक रहेको बताए । उनले नेपालले तिर्नसक्ने उत्पादनशील क्षेत्रमा ऋण लिनुपर्ने बताए । उनले बीआरआई परियोजनाअन्तर्गत केरुङ-काठमाडौं आउने रेललाई लुम्बिनीसँग जोडेर अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रको रुपमा स्थापित गर्नुपर्ने बताए । उनले तिब्बत विश्वकै पर्यटन हबको रुपमा विकास भएको उल्लेख गर्दै त्यहाँ आउने पर्यटकलाई नेपाल ल्याउने गरी काम गर्नुपर्नेमा जोड दिए । बीआरआई परियोजनाको सही कार्यान्वयन गर्न सकेको अवस्थामा नेपालाई दक्षिण एशियाको प्रवेशमार्गका रूपमा स्थापित गर्न सकिने उनको भनाइ छ ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा.गोविन्द पाखरेलले बीआरआईको कार्यान्वयन गर्दा नेपालको भूराजनीतक अवस्था र व्यवस्थामा कुनै असर नपर्ने गरी जानुपर्ने बताए । उनले दूरगामी प्रभाव हेरेर मात्र बीआरआई परियोजना अन्तर्गत ऋण वा अनुदान लिनुपर्ने बताए । रेल्वे निर्माण गर्नसक्ने नेपालको आर्थिक हैसियत तत्कालको अवस्थामा नभएकोले त्यसको विकल्पको खोजी गर्दै भैरहवादेखि तिब्बतसम्म सडकमार्ग बनाउनुपर्ने उनको धारणा छ ।

पोखरेलले भने, ‘बीआरआईको बहसमा मंसिर र पुसको जाडोमा पनि काठमाडौं तातेको छ । हामी भावनामा नबगौं । हाम्रो आर्थिक हैसियत पनि त्यसरी भावनामा बग्ने खालको छैन । दुई छिमेकी शक्तिवान राष्ट्रकोहरूको चपेटामा परेर नेपालले धेरै चिज गुमाउन नपरोस् ।

# दुर्गा प्रसाईंविरुद्ध विद्युतीय कारोबार कसुरमा मुद्दा दर्ता



**काठमाडौं / मस–**मेडिकल व्यवसायी दुर्गा प्रसाईंविरुद्ध काठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ । उनीविरुद्ध विद्युतीय कारोबार ऐन-२०६३ अन्तर्गतको कसुरमा अभियोग दर्ता भएको हो । नेपाल प्रहरीको साइबर ब्युरोले बुझाएको अनुसन्धान प्रतिवेदनको आधारमा जिल्ला सरकारी वकिल कार्यालयले उनीबिरुद्ध अभियोगपत्र दायर गरिएको हो ।

सरकारी वकिलले उनीविरुद्ध विद्युतीय कारोबार ऐन-२०६३ को दफा ४७ को उपदफा (१) अन्तर्गतको कसुरमा सजाय हुन मागदाबी गरेको छ । दफा (४७) को (२) अनुसार उनलाई थप सजाय हुन मागदावी गरिएको हो ।

४ मंसिरमा पक्राउ परेका मेडिकल व्यवसायी प्रसाईंमाथि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले आपराधिक लाभ लिन नहुने कसुरमा पनि अनुसन्धान गरिरहेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध फर्जी कागजात तयार गरेर सामाजिक सञ्जालमा अपलोड गरेको भन्दै प्रहरीले सुरुमा उनलाई साइबर सम्बन्धी कसुरमा अनुसन्धान गरेको थियो ।

भारतीय गुन्डा नाइके लरेन्स विश्नोइको नाममा नेपालका व्यवसायीलाई उनले नै धम्क्याउन लगाएको प्रहरीको प्रारम्भिक अनुसन्धान निष्कर्ष छ । व्यवसायीलाई धम्क्याएको आरोपमा पक्राउ परेका प्रसाईं निकट हरिचन्द्र फुयलले सो कामका लागि आफूले ५ लाख लिएको बयान दिएका छन् ।

# २९ मंसिरमा महानगर दिवस मनाइने




**काठमाडौं / मस–**काठमाडौं महानगरपालिकाले विभिन्न कार्यक्रम गर्दै ३० औं महानगर दिवस मनाउने भएको छ ।

महानगरले बुधबार पत्रकार सम्मेलन गर्दै मेयर बालेन शाहको संयोजकत्वमा महानगर दिवस मूल समारोह समिति गठन गरिएको जानकारी दिएको छ । २०५२ पछि मंसिर २९ गते महानगर दिवस मनाइने गरिएको छ ।

दिवसका अवसरमा महानगरले विद्यालयस्तरीय हाजिरजवाफ प्रतियोगिता र शिक्षकस्तरीय कविता वाचन गरिरहेको छ । त्यस्तै मंसिर २७ गते मेयरको नेतृत्वमा जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा कर्मचारीसँग मैत्रीपूर्ण फुटबल खेल आयोजना गरिएको काठमाडौँ महानगरपालिकाले जनाएको छ ।

त्यसैगरी मंसिर २८ गते सम्पदा तथा पर्यटन विभागले परम्परागत बाजा तथा गुठीखलका गुरुको सम्मान, शिक्षा विभागबाट आयोजना गरिएका प्रतियोगिहरुलाई त्यसै दिन पुरस्कार वितरण तथा मंसिर २९ गते औपचारिक समारोह आयोजना गरिने छ । उक्त दिन महानगरका सबै वडाको प्रतिनिधित्व हुनेगरी फुड फेस्टिवलको आयोजना गरिएको छ ।

# कांग्रेस छाडेर माओवादीमा प्रवेश




**तनहुँ / मस–** तनहुँमा ५० जनाभन्दा बढी कांग्रेस कार्यकर्ता पार्टी परित्याग गरी माओवादी केन्द्रमा प्रवेश गरेका छन् । ऋषिङ गाउँपालिका-१ झापुटारमा सोमबार र आँबुखैरेनी गाउँपालिकाको आँबुखैरेनीमा मङ्गलवार आयोजित माओवादी केन्द्रको पालिका अधिवेशन र खबरदारी सभामा उनीहरू पार्टी प्रवेश गरेका हुन् । नवप्रवेशीहरुलाई माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले टीका र माला लगाएर स्वागत गरे । झापुटारमा श्यामला थापासहित २७ जना र आँबुखैरेनीमा पदम नेपालीसहित २५ जना पार्टी प्रवेश गरेको माओवादीले जनाएको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको पूर्ववर्ती सरकारले १८ महिनामा सुशासन, भ्रष्टाचार अन्त्य तथा राज्य दोहनमा संलग्न शक्तिशाली भनिएका व्यक्ति तथा सामन्ती प्रथाका रूपमा व्याप्त मिटर ब्याजमा संलग्नमाथि अनुसन्धान र कारबाही गरेका कारण जनताले फेरि एकपटक माओवादी केन्द्रलाई विकल्पको रूपमा रोज्ने अवस्था आएको उनको दावी छ ।

**मोटरसाईकल हरायो**

मिति २०८१/०७/२७ गते बिहान करिब ०२:०० बजेको समयमा सर्लाहीको धनकौल गाउँपालिका वडा नं ३ हरकठवा टोलको आफ्नै घर कम्पाउण्डबाट म.प्र. ०३-०३४ प १८७३ न. को 160 2VFD को मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी : रुपेश कुमार सिंह
ईन्जिन नं. : DE4GR2400387
च्यासिस नं. : D634KE42R2G00606
सम्पर्क नं. : ९८१९८९१२२३

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Documentation : 3 (Female) — Salary: Negotiable

**Requirements:**
Minimum 2/3 Years of Experienced in Manpower fields.
Minimum +2 Passed.
Please send your CV: goldenint111@gmail.com

Golden Achievers International Pvt. Ltd.
Basundhara Chauki, Kathmandu Contact.: 01-5914478,01-5919381

**UAE मा रोजगार** Ontime Manpower Supply

पुन विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/०४/२७ — चलानी नं. ६०२२३४३१ — LT No. : 308803

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner Male | 43 | 0 | साधारण | 800 | २९,५००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ पौष ४ गते (19 Dec., 2024) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

**CYPRUS मा रोजगार**

कम्पनी: CHRISKAR BUSINESS CONSULATNTS — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/०४/२९ — चलानी नं.: ६०२२३५४३ — LT. No.: 308896 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १२१,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/Waitress | 4 | 2 | | 700 | ९९,८७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु ४०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ५४७/०६७/०६८
सुबिधानगर-३२, तिनकुने, काठमाडौ, नेपाल, फोन: ५१९२०२८, ४१११६४४ फ्याक्स: ४१११६४४
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com.np

**साउदीमा रोजगार**

कम्पनी: EBDAA AL HAYAT FOR INVESTMENT — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०८/२६ — चलानी नं.: ६०२२९५६० — LT. No.: 315263

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Driver | 5 | 0 | | 2500 | ९०१५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

**UAE मा रोजगार**

कम्पनी: ENGINEERING UNIT GEN CONTRACTING — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०८ — चलानी नं.: ६०२१३५९० — L.T. No.: 298635 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Ductman | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Civil Foreman | 5 | 0 | | 2500 | ९२,२०० | | | | | | | |
| 3. | Electrician | 5 | 0 | | 1200 | ४४,२५६ | | | | | | | |
| 4. | Mason | 17 | 0 | | 1200 | ४४,२५६ | | | | | | | |
| 5. | Plumber | 5 | 0 | | 1200 | ४४,२५६ | | | | | | | |
| 6. | Shuttering Carpenter | 10 | 0 | | 1200 | ४४,२५६ | | | | | | | |
| 7. | Steel Fixer | 10 | 0 | | 1200 | ४४,२५६ | | | | | | | |

अन्तर्वार्ता पिआइटि ट्रेनिङ सेन्टर, धनुषामा २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, सुनसरीमा २०८१ पुष ५ गते (20 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

## Dilasaini Rural Municipality
## Office of Rural Municipal Executive

**Dilasaini, Baitadi**
**Sudurpakshim Province, Nepal**

## Invitation For Bids

**Date Of Publication:2081/08/27 (12/12/2024)**

1. Dilasaini Rural Municipality, Office of the Rural Municipal Executive, Baitadi invites e-bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DRM/BTD/WORKS/NCB/01-2081-082 | Procurement for Construction Of Harinagar Khelmaidan Tatha Rangasala Nirman | 90 days | 95,97,156.75 | 2,45,000.00 | 3000.00 |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2081/09/28 (12-Jan-2025) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/09/28 (12-Jan-2025); at 1:00 PM, at Dilasaini Rural Municipality Office, Baitadi |
| Account No. for Bid Document Purchase | Kumari Bank Limited, Dilasaini, ANTARIK RAJASHWA KHATA<br>Dilasaini Rural Municipality- 0880034242400008 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Kumari Bank Limited, Dilasaini, Baitadi<br>Name of Office: Dilasaini Rural Municipality<br>Office Account No. : 0880034242400005 (Dharauti Khata) |

2. Bidders shall submit their bids electronically only.
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Dilasaini Rural Municipality, Baitadi.

**Chief Administrative Officer**

सम्पादकीय

## शंकाको घेरामा सुशासनको प्रतिबद्धता

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले खुलेरै रास्वपाका सभापति रवि लामिछानेलाई साथ दिएका छन् । सहकारी बचत रकम अपचलन मुद्दामा संसदीय छानबीन समितिबाट दोषी ठहर भएका लामिछाने गत २ कात्तिकदेखि प्रहरी अनुसन्धानका क्रममा हिरासतमा छन् । रास्वपाकै सांसदसमेत रहेको संसदीय समितिले सहकारी बचत रकम अपचलनमा रवि संलग्न रहेको ठहरसहित आवश्यक कानुनी कारबाहीको सिफारिस गरेको थियो । त्यही सिफारिसबमोजिम प्रहरी अनुसन्धानमा रहेका लामिछानेको पक्षमा पूर्वप्रधानमन्त्री प्रचण्डले सामाजिक संजालमा स्टाटस लेखेर साथ दिएका हुन् । रविले साथ पाउनेगरी लेखिएको प्रचण्डको स्टाटस अहिले खुब शेयर भइरहेको छ । प्रचण्डले लेखेका छन्, 'अदालतबाट दोषी ठहर नभएका, अत्यधिक जनमतद्वारा निर्वाचित रास्वपा सभापति रवि लामिछानेमाथि सरकारले गरिरहेको निरंकुश, अलोकतान्त्रिक, अमानवीय र प्रतिशोधपूर्ण व्यवहारको निन्दा गर्दछु । यस प्रकारको व्यवहार रोक्न गम्भीर आग्रह गर्दछु ।'

प्रमुख प्रतिपक्षी नेताले सरकारको निर्णयहरूप्रति बिमति जनाउनु लोकतान्त्रिक प्रक्रिया नै हो । तसर्थ, लामिछानेमाथि भइरहेको अनुसन्धान प्रक्रियालाई संवैधानिक सीमाबाहिर जान नदिनु विपक्षीको स्वाभाविक दायित्व पनि हो । विपक्षीका तर्फबाट हुने प्रश्नले राज्यको शक्ति सन्तुलन कायम हुने, सरकारलाई आफ्नो संवैधानिक सीमाबारे अवगत गराउनेदेखि जनताको आवाज बुलन्द गराउनेजस्ता कामलाई सहयोगी हुन्छन् । तर, निकट विगत हेर्दा प्रचण्डले रविलाई दिइरहेको साथ संवैधानिक सीमाका विषयमा सीमित छैन बरू राजनीतिक स्वार्थमा आधारित रहेको शंका गर्न सकिने पर्याप्त आधार छन् । मुख्य आधार भनेको प्रचण्ड प्रधानमन्त्री हुँदा रवि २ पटक गृहमन्त्री हुनु हो । कांग्रेसले रविमाथि छानबिनको माग गर्दा त्यसबेला प्रचण्डले संसदीय समिति गठन गर्न मानेका थिएनन् । अहिले माओवादी र रास्वपा दुवै प्रतिपक्षमा छन् भने रविमाथि प्रहरी अनुसन्धान कायम छ । पक्कै पनि रविमाथि भइरहेको अनुसन्धान प्रक्रियामा पर्याप्त प्रश्न गर्न सकिने ठाउँ होलान् । प्रधानमन्त्री केपी शर्मा ओलीकै अभिव्यक्ति पनि आपत्तिजनक छन् ।

तर, यसको अर्थ सहकारीपीडित अन्यायमा पर्नेगरी प्रमुख नेताहरूको अभिव्यक्ति आउनु र निर्णय प्रक्रिया बिथोलिनु हुन्न । विभिन्न अध्ययनहरूले दिएको प्रतिवेदनअनुसार ८७ अर्बभन्दा बढी सहकारी बचत रकम अपचलन भएको छ । पीडितहरूले लगातार न्याय मागेर प्रदर्शन गरिरहेका छन् । तर, पीडकहरूमध्येका एक आरोपित रवि लामिछानेमाथि भइरहेको अनुसन्धान प्रक्रियामा राजनीति हुन सक्ने डर बढिरहेको छ किनकि रवि र रास्वपाले यो अनुसन्धान प्रक्रियालाई 'राजनीतिक प्रतिशोध' भनेर कार्यकर्ता सडकमा उतारिरहेका छन् । प्रधानमन्त्रीले अनुसन्धान टुंगिए जसरी 'सहकारी ठग' भन्ने सम्बोधन गरिरहेका छन् । अनि, प्रमुख विपक्षी दलका नेता प्रचण्डले खुलेर रविलाई साथ दिने अभिव्यक्ति र निर्णय लिइरहेका छन् जबकि यो विषय सहकारीपीडितसँग जोडिएको विषय मात्र होइन । मुलुकको नेतृत्व गरिरहेका दलका नेताहरूको सुशासनको प्रतिबद्धतासँग समेत जोडिएको विषय हो । त्यसैले अनुसन्धानलाई प्रभावित बनाउनेगरी कुनै पनि पक्षबाट गतिविधि हुन हुन्न । कोही पनि निर्दोष नफस्ने र पीडितले न्याय पाउनेगरी यो मुद्दाको निरूपण हुँदा मुलुकमा सुशासनको प्रत्याभूतिसमेत हुने छ ।

# असद शासनको अवसान र सिरियाको भविष्य

अग्रलेख



● लोकनारायण सुवेदी

दमस्कसका सडकहरूमा जस्तो प्रकारले ट्यांकहरू र बन्दुकसहित विद्रोही शक्ति देखिएको छ, त्यसले अहिले भर्खरै स्थिति सामान्य भइहाल्ने परिस्थिति देखिँदैन भन्ने विश्लेषण पनि भइरहेको छ

यतिबेला पछिल्लो शासन सत्ता पल्टेका देशहरूमा सिरिया पनि सामेल भएको छ । त्यहाँका विद्रोहीहरूले ५० वर्ष लामो असदको शासन सत्तालाई उखेलिदिएका छन् । त्यो शासन सत्ताको अन्त्य गर्नका लागि संकल्पबद्ध रहेको मानिने विद्रोही समूह हयात तहरिर अल शाम (एचटीआई)ले २ सातादेखि असदको सत्ता पल्टाउने यो अभियानलाई निकै तीव्रता दिएको देखिन्थ्यो ।

त्यस क्रममा त्यो विद्रोही समूहले अलेप्पो, हमा, होम्स र दारा भनिने प्रमुख सिरियाली शहरहरूमा कब्जा जमाएपछि बसर अल असदको शासन सत्ता पल्टिने दिन गन्ती सुरु भएको अड्कल गरिँदै थियो । गएको आइतबार अर्थात् ८ डिसेम्बरका दिन राजधानी दमस्कसमाथि कब्जा जमाएपछि अब असद वंशको शासन अन्त्य निश्चितप्रायः भएको अड्कल गरिँदै थियो ।

यो सत्ता पल्टाउँदा असद सिरियाबाट अज्ञात देशमा भागिसकेको बताइन्छ । तर, यो आलेख तयार पार्दासम्म यकिनतः उनी कहाँ शरण लिन पुगे भन्ने कुरा अनुमान मात्र गरिँदै थियो । भनिन्छ कि असद आफ्नो परिवारका साथ विमानबाट कुनै अज्ञात मुलुकमा पुगेका छन् । उनी कुन देशमा पुगेका छन्, कसैले किटान गरेर बताएका छैनन् ।

यस क्रममा उनी चढेको विमान बेपत्ता भएको या दुर्घटनामा परेको समेत हल्ला फैलिएको छ । यता, सत्ता कब्जा गरेका विद्रोहीहरूले भने अब सिरिया एउटा स्वतन्त्र देश भएको भनिरहेका छन् । असदका विरुद्ध रहेका विद्रोही सेनाका १ जना सैनिक अपरेसन कमान्डरले टेलिग्राममा एउटा पोस्ट लेखेका छन्, 'हामी तानासाह बसर अल असदबाट दमस्कस शहर मुक्त भएको घोषणा गर्दछौं । विश्वभर विस्थापित भएर रहेका सबै सिरियाली मानिसहरूको आगमनका लागि सिरियाले प्रतीक्षा गरिरहेको छ ।'

सिरियाका प्रधानमन्त्री मोहम्मद गाजी अल-जलालीले पनि आइतबार बिहानै पहिले नै तयार गरिएको एउटा सन्देशमा भनेका थिए, 'सरकार मानिसहरूबाट चुनिएको कुनै पनि नेतृत्वसँग सहयोग गर्नका लागि तयार छ ।' उनले सिरियाली मानिसहरूलाई सार्वजनिक सम्पत्तिहरूको नोक्सानी नगर्न अपिल गर्दै भनेका थिए, 'यो सम्पत्ति सबै नागरिकको हो ।' उनले आफ्नो स्थिति प्रस्ट पार्दै भनेका छन्, 'म यहाँ आफ्नै घरमा छु, कतै गएको छैन, न त यसलाई छाड्ने इरादा नै छ ।'

उनको यस बयानबाट स्पष्ट हुन्छ कि प्रधानमन्त्री विद्रोहीहरूको शर्त मान्न र उनीहरूलाई सत्ता सुम्पिन तयार छन् । अर्कातिर विद्रोही समूह एचटीआईका नेता अबु मोहम्मद अल-जुलानीले पनि विद्रोही शक्तिसँग राज्यका संस्थानहरूलाई नोक्सान नगर्न आह्वान गरेका छन् ।



यद्यपि, दमस्कसमा सडकहरूमा जस्तो प्रकारले ट्यांकहरू र बन्दुकसहित विद्रोही शक्ति देखिएको छ, त्यसले अहिले भर्खरै स्थिति सामान्य भइहाल्ने परिस्थिति देखिँदैन भन्ने विश्लेषण पनि भइरहेको छ ।

सन् २०११ को 'अरब वसन्त'मा धेरै देशहरूमा सत्ता पल्टाएको देखिएको थियो । ३-४ दशकदेखि सत्तामा राज गरिरहेका तथाकथित तानाशाहहरूलाई लोकतन्त्रको अभियानका नाममा उखेलेर फालियो पनि । होस्नी मुबारक, कर्णेल गद्दाफी आदि जस्ता त्यतिबेला विश्वमा चर्चित शासकहरूको सत्ताको अन्त्य भयो ।

त्यस्तै खालको सफलता सिरियामा पनि प्राप्त गर्न कोसिस गरियो । तर, असदलाई शासन सत्ताबाट हटाउन बितेको १३ वर्षदेखि लामो प्रतीक्षा गर्नुपरेको देखियो । 'अरब वसन्त'को क्रममा सिरियामा विद्रोहहरूलाई असदको शासनले कडा दमन गरेको थियो । हुनत उनले सत्ता सम्हालेको १ दशक मात्र भएको थियो तर उनको राजनीतिक दृष्टिकोण तानाशाहहरूको भन्दा अलिक भिन्न थियो ।

११ सेप्टेम्बर १९६५ मा जन्मेका असदको पारिवारिक पृष्ठभूमि राजनीतिक थियो । उनका पिता हाफिज अल असद १९७१ म सिरियाको राष्ट्रपति बने । सन् २००० सम्म त्यस पदमा कायम रहे । तर, असदले राजनीतिको साटो चिकित्सा क्षेत्रको बाटो पक्रे । उनी लन्डनमा आँखा उपचार चिकित्सा शिक्षा पढिरहेका थिए ।

१९९४ जनवरीमा उनका ठूल्दाजु बासेलको मृत्यु भयो, जसलाई स्वाभाविक रूपमा सिरियाको अर्को राष्ट्रपति मानिँदै थियो । ठूलो दाइको मृत्यु भएपछि असद राजनीतिमा आए । पिताको मृत्युपछि सन् २००० मा उनले राष्ट्रपति पदको शपथ लिए ।

सत्ता सम्हाल्दै गर्दा उनले पारदर्शिता, लोकतन्त्र, विकास र आधुनिकीकरणका कुरा गरेका थिए । छोटो समयका लागि भए पनि सिरियामा अभिव्यक्ति स्वतन्त्रता, नागरिक स्वतन्त्रता, जस्ता कुराहरूले स्थान पाए । त्यसलाई 'दमस्कस स्प्रिङ' पनि भन्ने गरिएको थियो । तर, त्यो 'वसन्त' पनि चाँडै समाप्त भयो । आफ्ना देश वरिपरिका छिमेकी देशहरूमा बनिरहेको विपरीत परिस्थितिका कारण असदले पनि दमनकै बाटो पक्रिए । इराकमाथि अमेरिकी हमला, लेबनानको माध्यमबाट सिरियालाई नियन्त्रणमा लिने अमेरिकी चाल, 'अरब वसन्त', इराकमा इस्लामिक स्टेटको उभार, गाजामाथि इजरायली हमला आदि बितेका डेढ दशकका यी यावत् घटनाक्रमहरूले असदलाई उनको पहिलाको राजनीतिक सोचभन्दा भिन्न र विपरीत काम गर्न बाध्य पारेको समेत यतिबेला विश्लेषण गरिँदै छ ।

पश्चिमा शक्तिहरूको सामना गर्नका लागि हिज्बुल्लाहको सहयोग र साथ सिरियालाई मिल्दै रह्यो । तर, प्यालेस्टिनीहरूलाई सर्वनाश तुल्याउनका सँगसँगै इजरायलले हिज्बुल्लाहका पनि शीर्षस्थ नेताहरूलाई मारिदियो । फलतः यस पटक सिरियालाई साथ सहयोग दिने शक्ति हिज्बुल्लाहमा पनि रहेन ।

इरानको पनि त्यस्तै हबिगत हुन पुग्यो । अर्कोतिर रुस पनि युक्रेन युद्धमा फसेको स्थिति रह्यो । त्यसले गर्दा पछिल्लो पटक सिरियालाई रुसको मद्धत मिल्न सकेन । असदले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मद्धत मागेका थिए तर उनलाई त्यसमा पनि निराशा नै हात लाग्यो । ट्रम्पले पूर्वराष्ट्रपति बाराक ओबामाका नीतिहरूलाई जिम्मेवार ठह-याए । साथै, उनले यसको पछाडि रुसलाई पनि जिम्मेवार बताए । उनले भने, 'यो हाम्रो लडाइँ होइन । अमेरिकाले यस लडाइँमा सामेल हुनु हुँदैन । सिरिया अमेरिकाको मित्र होइन ।'

हुन पनि यतिबेला अमेरिकाका प्राथमिकताहरू के देखिन्छन् भने, जहाँ उसलाई आर्थिक तथा सामरिक फाइदा हुन्छ, त्यहाँ कसैले नबोल्दा पनि ऊ जबर्जस्ती पुगिहाल्छ र कथित लोकतन्त्रको हवाला दिएर हस्तक्षेप गर्छ । तर, उसलाई लाभ नमिल्ने ठाउँमा ती ठाउँहरूप्रति आँखा बन्द गरेजस्तो गरी बस्छ ।

त्यसैले यतिबेला अमेरिकाले सिरियालाई कुनै सहयोग नगरी उसको स्थितिमा छाडिदियो । विश्लेषकहरू भन्छन्, 'गएको आइतबार अर्थात् ८ डिसेम्बरका दिन दमस्कसमा त्यस्तै स्थिति देखियो, जस्तो यसअघि अफगानिस्तान, श्रीलंका, बंगलादेश आदिमा देखिएको थियो ।'

विमानस्थलमा भागाभाग छ, मानिसहरू सुरक्षित बाहिर निस्कन चाहन्छन्, त्यही अर्कातिर मानिसहरू स्वतन्त्रताको खुशियाली पनि मनाइरहेका छन् । उता, राष्ट्रपति भवनमा लुटपाट मच्चाउने, तोडफोड गर्नेजस्ता शिलशिला पनि चलिरहेका छन् ।

यसरी असद परिवारको शासनको दुखद अन्त्य सिरियामा भएको छ । तर, अब के त्यहाँ शान्ति र सुखमय भविष्य छाउला र नागरिकले सुरक्षित महसुस गर्लान् ? प्रश्न खडा छ । अब जुन सत्ता स्थापित होला, त्यसको स्वरूप कस्तो हुने हो, महाशक्तिहरूको भूमिका र दबाबमा नआईकन कुनै सरकारको गठन होला ? यी गम्भीर महत्त्वपूर्ण प्रश्नहरूको सही उत्तर आउला कि नआउला ? अहिले प्रतीक्षाको विषय छ ।


त्यहाँ जनताले आफ्नो देशका आवश्यकता र स्थितिअनुकूलको जनलोकतन्त्र अपनाउन सके र त्यसका लागि जागरूप भए मात्र तिनको भविष्य सुरक्षित हुने अहिलेसम्मको अनुभवले दर्शाउँछ ।

## सामाजिक सञ्जाल




हरि रोका

सार्वजनिक ऋण २५ खर्ब १८ अर्ब ५ करोड पुगेछ । ऋण जालोमा फस्ने खतरा बढ्यो । रोजगारमूलक उत्पादनमा लगानी छोडेर, टावर निर्माण, धनाढ्यलाई कर मिनाह, अर्बौंको बिजुलीको शुल्क नउठाउने, सार्वजनिक सम्पत्तिमाथि नेतृत्वकै लुट ! भयावह अराजकताबारेको जिम्मेवार हुने प्रधानमन्त्रीज्यू ? अलि शरम मानौं ।




डम्बर खतिवडा

एमाले-रास्वपा समर्थकहरूबीचको भनाभन बिल्कुलै नाटक/नौटंकी हो । यी एउटै सोच र चरित्रका पार्टी हुन् । भ्रष्ट र ठगहरूको जुहारी, गिरी बन्धु र सहकारीको दोहोरीले के अर्थ राख्छ ? अस्तिसम्म यी सरकारमा सँगै केके भागबन्डा, क-कसलाई धम्क्याउँदै, पक्रिँदै, ठूला कुरा गर्दै थिए, सबैले सम्झेको राम्रो ।



नवराज पन्त

नेपालमा विकासको निम्ति राजनीति गर्नेहरूले ऋण लिनु हुँदैन भनेर आफू राष्ट्रवादी हुन खोजिरहेका छन् ! तर, उनीहरूले यो कुरा बुझेका छैनन् कि अमेरिका पूर्वी एसियालाई ऋण दिन्छ, त्यही ऋण पूर्वी एसियाले दक्षिण एसिया र अफ्रिकालाई ऋण दिन्छ, जसलाई पत्याउँछ, त्यसलाई ऋण दिने हो, ऋणबिना विकास भएको विश्व कहाँ छ ?



रञ्जित तामाङ

रवि लामिछानेको मानवअधिकार सुरक्षित हुनुपर्छ । तर, रवि लामिछानेको मानवअधिकार खलबलिनुमा 'मेरो पनि केही दोष छ कि !' भनेर रास्वपाले सोच्नुपर्छ किनकि अदालतबाट अनुमति लिएर प्रहरीले छानबिन गरिरहेको प्रत्येक मान्छेले जुलुस निकाले के हुन्छ ? कुनै दिन रवि पनि गृहमन्त्री हुनुहुन्थ्यो ।

## इतिहासमा आज

१२ डिसेम्बर २००७ मा पेरुको एउटा अदालतले पूर्वराष्ट्रपति अल्बर्टो फुजिमारोलाई ६ वर्षको काराबास सजाय र १३ हजार डलर जरिमानाको सजाय सुनाएको थियो ।



१२ डिसेम्बर अमेरिकी संसद्को न्यायिक समितिद्वारा राष्ट्रपति बिल क्लिन्टनविरुद्ध महाअभियोग चलाउन मंजुरी दिएको थियो ।



१२ डिसेम्बर १९९६ मा भारत र बंगलादेशबीच मध्य गंगाजलको बंटवारेलाई लिएर ३० वर्षे सन्धिमा हस्ताक्षर भएको थियो ।



१२ डिसेम्बर १९३६ मा चीनका नेता च्याङ काई सेकले जापानविरुद्ध युद्धको घोषणा गरेका थिए ।



# भ्रष्टाचार निर्मूल गर्ने उपाय

विचार



● नारायण शर्मा

भ्रष्ट व्यवहार, आचरण र क्रियाकलापको फल हो । भ्रष्टाचार गलत व्यवस्था, विधि विधान, नीति नियमको नियति पनि हो । यो नीच नेता र स्वार्थी शासकहरूको कुविचार, कुनियत र कुकार्यजन्य शासन प्रशासनको उपज हो

यस वर्षको ९ डिसेम्बरका दिन पनि विश्वभर भ्रष्टाचारविरुद्ध विभिन्न कार्यक्रम गरिए । संयुक्त राष्ट्रसंघको महासभाले तय गरेअनुसार यस दिनलाई 'अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवस'को रूपमा मनाउने गरिन्छ । राष्ट्रसंघको महासभाले भ्रष्टाचारको भयावहताको बोध र विरोधका लागि यस दिनलाई दिवसको रूपमा मनाउने तय गरेको थियो, जसको विशेष अर्थ र महत्त्व छ । यद्यपि, दिवस मनाउँदैमा र कार्यक्रम गर्दैमा भने भ्रष्टाचार रोकिन्छ भन्ने हुँदैन ।

यस सन्दर्भमा सर्वप्रथम भ्रष्टाचार के हो भनेर चिन्नु जरुरी छ । कुनै चिजलाई के हो, कस्तो हो, किन हो र कसरी हो भन्ने कुरा त्यसको अर्थ, परिभाषा र परीक्षण गरेर स्पष्ट रूपमा चिनिसकेपछि मात्र त्यसबारे के-कस्तो धारणा बनाउने र त्यसप्रति के-कस्तो व्यवहार किन गर्ने भन्ने निष्कर्षमा पुग्नुपर्छ । सचेत मानिसले अवलम्बन गर्ने सही विचार, बाटो, विधि र व्यवहार पनि यही हो ।

भ्रष्टाचारको सन्दर्भलाई केलाउँदा, सबैभन्दा पहिलो विषय हाम्रो चिन्तनसँग जोडिएर आउँछ । जब हाम्रो चिन्तन भ्रष्ट हुन्छ, तब भ्रष्टाचार संस्थागत हुने अवस्थाको विकास हुन्छ । भ्रष्टाचार भ्रष्ट व्यवहार, आचरण र क्रियाकलापको फल हो । भ्रष्टाचार गलत व्यवस्था, विधि विधान, नीति नियमको नियति पनि हो । यो नीच नेता र स्वार्थी शासकहरूको कुविचार, कुनियत र कुकार्यजन्य शासन प्रशासनको उपज हो । भ्रष्टाचार जनता र जनतन्त्रविरोधी, राष्ट्र र राष्ट्रियताविरोधी, विकास र समृद्धिविरोधी गतिविधि हो । भ्रष्टाचार एउटा सर्वाधिक संदिग्ध सोच, शैली, संस्कार र संस्कृतिको सिर्जना हो भन्दा अत्युक्ति हुँदैन । भ्रष्टाचार एक अनैतिक, अनियमित, अवाञ्छित, असभ्य, अपारदर्शी र असह्य अपराध हो ।

अझ गहिरिएर भन्दा, भ्रष्टाचार एक महाकुकृत्य हो, महाअपराध हो र महापाप हो । तसर्थ, यो अनिवार्यतः नीच, तुच्छ र निन्दनीय मात्र होइन, त्याज्य र दण्डनीयसमेत छ । अब प्रश्न छ कि यसलाई कसरी निगरानी, निरूपण, नियन्त्रण, निवारण र निर्मूल गर्न सकिन्छ त ?

भ्रष्टाचार निर्मूल गर्न सबैभन्दा पहिला सबै व्यक्ति सचेत हुन आवश्यक छ । सबैमा सद्विचार र सदाचार, सही सिद्धान्त र सही व्यवहार, सादा शैली र सरल संस्कार तथा सर्वोच्च सभ्यता र समृद्ध संस्कृति अवलम्बन र अनुशीलन गर्न आवश्यक छ । नैसर्गिक नीति, नियम, न्याय, नैतिकता र निर्देशनको प्राप्ति र पालना गर्नु पनि आवश्यक छ । शास्त्र र सिद्धान्तहरूको अध्ययन, समाज र संस्कारको अनुगमन, साहित्य र संस्कृतिको अनुसन्धान तथा सभ्यता र स्वच्छताको अवलम्बन गरिनुपर्छ ।

भ्रष्टाचार निर्मूल पार्न उन्नत समाज, उत्कृष्ट संस्कार, उत्तम सभ्यता र उपयुक्त सिस्टमको स्थापना अनिवार्य शर्त हो । शिक्षा-दीक्षा, शासन-प्रशासन, नीति-नियम, ऐन-कानुन, विधि-विधान, संहिता-संविधान, आचार-संस्कार र पद्धति-प्रणालीको अनुकरण, अनुसरण र अनुशासन अवलम्बन गरेर अगाडि बढ्नुपर्छ । निष्ठा-आस्था, लक्ष्य-उद्देश्य, ध्येय-आदर्श, नीति-नैतिकता जस्ता अमूल्य मूल्य-मान्यता र विचार-सिद्धान्तको अवलम्बन, संरक्षण र संवर्द्धनको औचित्य, महत्त्व र आवश्यकता बोध हुनुपर्छ । सुशिक्षा र श्लील साहित्य र सही सिद्धान्त स्वच्छ राजनीतिको माध्यमबाट सुन्दर समाज र सर्वोत्कृष्ट संस्कृति स्थापना गर्नका लागि दुःख, कष्ट, त्याग, तपस्या र बलिदानका कीर्तिमानहरू कायम गरिनुपर्छ । समाजमा भ्रष्टलाई बाईबाई र स्वच्छलाई हाइहाइ गर्ने संस्कार बसाउनु आवश्यक छ । समाज र राज्यले भ्रष्टाचारप्रति शून्य सहनशीलताको र भ्रष्टाचारीलाई निर्मम कारबाहीको नीति लागू गरिनुपर्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# लुम्बिनी संग्रहालय संरक्षण परियोजनाको उद्घाटन



**लुम्बिनी / मस**– अमेरिकी दूतावासका सार्वजनिक मामिला प्रमुख माइकल हार्करले लुम्बिनी संग्रहालय संरक्षण परियोजनाको उद्घाटन गरेका छन् ।


संग्रहालयमा रहेका प्राचीन कलाकृतिको अमूल्य संग्रहको सुरक्षण, अभिलेखन र संरक्षण गर्न नेपालस्थित अमेरिकी दूतावासले राजदूत सांस्कृतिक संरक्षण कोष (एएफसीपी) मार्फत करिब सवा तीन करोड रुपैयाँको अनुदान बुद्ध फाउन्डेसनलाई प्रदान गरेको छ । उक्त अनुदानले एउटा अत्याधुनिक संरक्षण प्रयोगशालाको स्थापना पनि गर्नेछ । जससँगै पुरातात्विक संरक्षणको एउटा क्षेत्रीय हबको सृजना हुनेछ । 'यस संरक्षण प्रयोगशालाको स्थापना लुम्बिनीका लागि एउटा ऐतिहासिक अग्रगामी कदम हो जसले लुम्बिनीलाई पुरातात्तिवक अनुसन्धान तथा संरक्षणको क्षेत्रीय केन्द्रमा रूपान्तरण गर्दछ,' सार्वजनिक मामिला प्रमुख हार्करले भने, 'यस परियोजनाले प्रतिस्थापन गर्न नसकिने कलाकृतिको सुरक्षा गर्ने मात्र नभई नवप्रवर्तन र सहकार्यका अवसरहरूको सृजना पनि गरी नेपाललाई सांस्कृतिक सम्पदा संरक्षणको क्षेत्रमा एक अगुवाका रूपमा स्थापित गर्नेछ ।'

इसा पूर्वको छैटौं शताब्दीदेखि इस्वी संवत्को तेस्रो शताब्दीसम्मका ३०० भन्दा बढी कलाकृतिहरू रहेको लुम्बिनी संग्रहालयमा लुम्बिनीको पवित्र स्थलमा उत्खनन गरिएका पक्की माटोका प्रतिमा, ढुंगाका मूर्ति, सिक्का र अन्य अवशेषहरू संग्रहित छन् । यस परियोजना यी साँस्कृतिक निधिको संरक्षणमा एउटा रूपान्तरणकारी कदम हुनेछ । संरक्षण स्थलको सीमितताका कारण हाल यी कलाकृतिमध्ये धेरै वटा काठमाडौंस्थित राष्ट्रिय संग्रहालयमा भण्डारण गरिएका छन् ।

यस पहलले लुम्बिनी प्रदेशको पहिलो र नेपालकै सुरुवातीमध्ये एक आधुनिक संरक्षण प्रयोगशालाको स्थापना गरी लुम्बिनी र यस वरपरका पुरातात्त्विक स्थलमा रहेका कलाकृतिको अध्ययन, संरक्षण र सुरक्षित भण्डारणलाई सम्भव बनाउनेछ । त्यसका साथै, एक वृहत् प्रशिक्षण कार्यक्रमले पुरातात्विक संरक्षणमा स्थानीय क्षमता निर्माण गरी भावी पुस्ताका निम्ति नेपालको समृद्ध सांस्कृतिक सम्पदाको अभिलेखन तथा संरक्षण गर्न पेसाकर्मी तथा विद्यार्थीहरूको सशक्तीकरण गर्नेछ ।

एएफसीपीले विकासोन्मुख देशहरूमा सांस्कृतिक सम्पदाको संरक्षणका लागि प्रत्यक्ष अनुदान सहयोग प्रदान गर्छ । नेपाल एएफसीपी अनुदानका विश्वकै शीर्ष प्राप्तिकर्तामध्ये एक हो । विगतका दुई दशकमा काठमाडौंस्थित अमेरिकी दूतावासले नेपालमा २८ वटा सांस्कृतिक सम्पदा पुनर्स्थापना परियोजनाहरूका लागि ६१ करोड रुपैयाँभन्दा बढीको कोष प्रदान गरेको छ ।

# चीनमा नेपाली फोटो पत्रकारले खिचेका तस्बिरको प्रदर्शन



**काठमाडौं / मस**– राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) नेपालले चीनमा फोटो प्रदर्शनी आयोजना गरेको छ । चीनको विन्जाओ फोटोग्राफर एसोसिएसन, चिनियाँ पर्यटन फोटोग्राफर सु छ्यो तथा नेपाल-चीन मैत्री सङ्को सहकार्यमा हिमशृंखलामाथिको उडानले भरिएको नेपाल (सान्तोङ सांस्कृतिक सप्ताह र मनमोहक नेपाल) फोटो प्रदर्शनी आयोजना गरिएको हो ।

उक्त फोटो प्रदर्शनीमा नेपालका विभिन्न सञ्चारमाध्यममा काम गरिरहेका फोटोपत्रकारले खिचेका मनमोहक प्राकृतिक सम्पदा, पर्यटन क्षेत्र, कलासंस्कृति, जीवनशैली तथा विविधता झल्काउने करिब एक सय तस्बिर सान्तोङ प्रान्तका विभिन्न सहरमा एक महिनासम्म प्रदर्शनीमा राखिनेछ ।

सो प्रदर्शनीका लागि राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) का केन्द्रीय अध्यक्ष प्रदीपराज वन्तको अध्यक्षतामा १४ सदस्यीय टोली उक्त प्रदर्शनीका लागि चीनको सान्तोङ प्रान्त आइपुगेको छ । सान्तोङ प्रान्तका पूर्वउप-प्रचारमन्त्री ह्वाङ्जी चुनको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा राष्ट्रिय फोटो पत्रकार समूह (नेपाल) र विन्जाओ फोटोग्राफर एसोसिएसनबीच सांस्कृतिक तथा व्यावसायिक फोटोग्राफीसम्बन्धी सामग्री आदानप्रदानमा सहकार्य गर्ने सम्झौता भएको एनएफपिजेका केन्द्रीय अध्यक्ष वन्तले जानकारी दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै विन्जाओका परराष्ट्र मामिला निर्देशक पाइमिईले फोटोग्राफीमार्फत नेपाल-चीनको मैत्रीसम्बन्ध बलियो बनाउनाका साथै चीनको वान बेल्ट वान रोडको अवधारणालाई पनि सहयोग पुग्ने बताए ।

एनएफपिजेका अध्यक्ष वन्तले सांस्कृतिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण सान्तोङ प्रान्तमा नेपालको मनमोहक फोटोहरू प्रदर्शनी गर्न पाउँदा खुसी लागेको बताउँदै फोटो प्रदर्शनीका माध्यमबाट दुई देशबीचको सम्बन्ध थप सुमधुर बन्नाका साथै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।


## UAE मा रोजगार
कम्पनी : BAB AL BAHAR TECHNICQAL SERVICES शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०८१/०८/२६ चलानी नं.: ६०२२९५५८ LT. No.: 315270

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason (Nepal) | 10 | 0 | स. काममा दक्ष | 1200 | ४४,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Creative Placement Services Pvt. Ltd.** Govt. Lic. No. 289/058/059
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498, Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org

## JORDAN मा रोजगार
कम्पनी : AL-MANAL FOR RECRUITMENT AND MANPOWER SUPPLY शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०८०/०५/१२ चलानी नं.: ६०२०६९८९ LT. No.: 291755 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 38 | सम्बन्धित काममा दक्ष | 300 | ४०६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Secretary | 0 | 1 | | 400 | ५४१८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CROWN OVERSEAS CONSULTANCY PVT. LTD.** Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

## जापानमा रोजगार
GOKEI CLOUD COOPERATIVE SOCIETY
पूर्व स्वीकृती मिति: २०८१/०८/२६ चलानी नं. ६०२२९५४६ LT No.: 315133

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Poultry Factory Worker | 1 | 5 | काममा दक्ष | 1,75,171 | १,५७,४९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु.४०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्नेछ ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रा.लि को कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धरा, काठमाडौंमा २०८१/०९/४ गते (19 Dec., 2024) हुनेछ ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस । ५) अनिवार्य रुपमा विमा गराउनुहोस । ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस । सोको एक प्रति आफुसंग राख्नुहोस । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस ।
**नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम इजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोन: ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देबी प्रसाद अधिकारी), ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com "Real Happiness Lies in Making Other Happy"

## कतारमा रोजगार
कम्पनी: basic workshop शहर : Qatar
पूर्व स्वीकृत मिति: २०८१/०८/२६ चलानी नं.: ६०२२९५५५ LT. No.: 315284

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Decor Wood Worker (Furniture Carpenter) | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | FurnitureFixer/Carpentry | 3 | 0 | | 1200 | ४४,५९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ४ गत (19 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Ajeets Management and Development Company Pvt. Ltd.** श्रम इ. पत्र नं.: ३७४/०५९/०६०
Tara Hall Chowk, Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391 | 9823463896 (Whatsapp) E-mail : ajeetsmanpowernepal@gmail.com

## युएईमा रोजगार
कम्पनी: SERVEU शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०४/३२ चलानी नं.: ६०२२३६७३ LT. No.: 308938 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 80 | 10 | स. काममा दक्ष | 1200 | ४४,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता पोखरामा २०८१ पुष ५ गते (20 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता झापामा २०८१ पुष ७ गते (22 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता इटहरीमा २०८१ पुष ८ गते (23 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता कोहलपुरमा २०८१ पुष ९ गते (24 December 2024) मा हुनेछ ।

१. पुरुषको हाइट 170 cm र महिलाको हाइट 163 cm हुनुपर्नेछ । २. उमेर २२-३८ बर्ष र SLC Pass भएको हुनुपर्नेछ ।, ३. अंग्रेजी राम्रोसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ४. सम्बन्धित काममा कम्तीमा २ बर्षको अनुभव भएको हुनुपर्नेछ । ५. शरीरमा कुनै ट्याटू नभएको हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लू ओसियन ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल फोन: ४९५१७३२, ४९६५९२६,
फ्याक्स: ४३६४५७३, मोबाइल: ९८०१२२४१७० E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np
Contact No: 9801224170, 9801224179, 9801224520, 9851195403, 9801132374, 9848034020


## Province Government
## Transport Infrastructure Directorate
# Infrastructure Development Office, Jhapa
## Koshi Province, Nepal

## Invitation for Electronic Bids

Infrastructure Development Office, Jhapa invites sealed Bids for the following works.
First Date of publication: 12th December 2024 (Mangsir 27, 2081)
Last Date of Bid Submission: 12th January 2025 (Poush 28, 2081) at 12:00 Noon for NCB
Last Date of bid Submission: 27th December 2024 (2081-09-12) at 12:00 Noon for SQ

| S.N | Description of Works |
|---|---|
| 1 | Upgrading of Laxmi Tole Marga, Damak-8, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-54/081-82) |
| 2 | Upgrading of Janasewa Tole Road, Damak-7, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-55/081-82) |
| 3 | Upgrading of Tabin Smriti Marga and Nilkantha Tole Road, Damak-7, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-56/081-82) |
| 4 | Upgrading of Ramailo Tole, Devidhane Gairigau Tole, Chandrasurya model ko Rai Tole Sukumbasi Basti Road, Damak-5, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-57/081-82) |
| 5 | Upgrading of Sahara, Aashis, Deurali Tole Sukumbasi Basti Road, Damak-9, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-58/081-82) |
| 6 | Upgrading works of Road to wada karyalaya, Damak Municipality-4, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-59/081-82) |

All interested bidders may visit the web site www.bolpatra.gov.np/egp for the detail information.

Office Chief

# धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, भैरहवा शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०८/२७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ जेष्ठ महिना २८ गतेको राजधानी राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ असोज महिना ०१ गतेको नागरिक राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना प्रकाशित** गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

| |
|---|
| **ऋणीहरूको नाम थर र ठेगाना :** |
| उदय राज घिमीरेको नाति, गोपाल प्रसाद शर्मा (घिमिरे) को छोरा, रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. १३ बस्ने **रविन्द्र शर्मा (घिमिरे) - १** र देव राज शर्माको छोरी, गोपाल प्रसाद शर्माको श्रीमती, रुपन्देही जिल्ला सिद्धार्थनगर गा.वि.स/न.पा/उ.म.न.पा वडा नं. ५ बस्ने **सुधा देवी शर्मा घिमिरे - १** समेत जना दुई । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| हरि प्रसाद खनालको छोरी, रविन्द्र शर्मा (घिमिरे) को श्रीमती, सिद्धार्थनगर गा.वि.स/उ.म.न.पा वडा नं. १३ बस्ने **शिखा शर्मा घिमिरे ।** |
| **धितो सुरक्षणको विवरण :** |
| **सुधा देवी शर्मा घिमिरेको** नाममा मालपोत कार्यालय रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ३ (नक्सा सि.नं. १०४-०२३८-२१) को कित्ता नं. क्रमशः ११६ र ११७ को क्षेत्रफल क्रमशः ३२९.१५ र ३२९.२५ ब.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू:**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा भैरहवा शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल ०९ महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल ०९ महिना १६ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९७००३३, फ्याक्स: +९७७-१-४४२८९६९, ईमेल: sanima@sanimabank.com


## कुवेतमा रोजगारको अवसर
कम्पनी : AL GHAZAL NECK RETAIL COMPANY FOR GIFTS AND LUXURY शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०८/२६ चलानी नं.: ६०२२९५६५ L.T. No.:314863

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TAILOR | 0 | 2 | स. काममा दक्ष | 170 | ७४,८८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SMART STEPS FOR CHILDREN DAY NURSERIES CO. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०८/२६ चलानी नं.: ६०२२९५६६ L.T. No.:315310

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nanny(Baby Sitter) | 0 | 6 | सम्बन्धित काममा दक्ष | 150 | ६६०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver (Male) | 2 | 0 | | 140 | ६१६७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ४ गते (19 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.** श्रम इजाजत नं. २९९/०५८/५९
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com

## UAE मा रोजगार
EMESSA BUILDING CONTRACTING
पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/५/२४ चलानी नं.: ६०२०७४९३ LT No.: 292320

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Mason | 8 | 0 | काममा दक्ष | 1200 | ४४,५०० ।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Shuttering Carpenters | 4 | 0 | | 1200 | ४४,५०० ।- | | | | | | | |
| ३. | Steel Fixer | 5 | 0 | | 1200 | ४४,५०० ।- | | | | | | | |
| ४. | Wall Painter | 10 | 0 | | 1200 | ४४,५०० ।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ पौष ४ गते (19 Dec., 2024) यस प्रा. लि. को कार्यालय, सिनामंगल, काठमाडौंमा हुनेछ ।

**AL SECURE MANPOWER RECRUITMENT PVT.LTD.** Govt. Lic. No.: 823/066/067
Panchakumari Temple, Chandrodaya Marg, House No. 151, Sinamangal, Kathmandu, P.O. Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, Email : documentation@smrnepal.com, Website: smrnepal.com

## कतारमा रोजगार
कम्पनी: CIMAX CONTRACTING AND CLEANING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/०४/३० चलानी नं.: ६०२०६२६४ LT. No.: 291025 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant Gen | 0 | 1 | सम्बन्धित काममा दक्ष | 3600 | १३३७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dry Clean Worker | 0 | 3 | | 1000 | ३७१६० | | | | | | | |
| 3. | Executive Secretary | 2 | 0 | | 2100 | ७८०३६ | | | | | | | |
